राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३११ २०८३ जेठ २७ गते बुधवार (10 June 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## रास्वपाको मधेश अधिवेशन स्थगित

दैनिक समाचारदाता

जनकपुरधाम, २६ जेठ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले मधेश प्रदेश अधिवशेन स्थगित गरेको छ । २८ जेठका लागि तय भएको अधिवेशन अनिश्चितकालका लागि स्थगित गरिएको छ ।

२३ र २४ जेठका लागि तोकिएको जिल्ला अधिवेशन समयमा हुन नसकेपछि प्रदेश अधिवेशन रोकिएको हो । मधेशका आठ जिल्लामध्ये हालसम्म पर्साको मात्रै अधिवेशन भएको छ । अन्य जिल्लामा प्रक्रिया सुरु भएपनि नेतृत्व चयनको प्रक्रियामा पुगेपछि विवाद भएर नयाँ समिति गठन हुन सकेको छैन ।

अनुशासन आयोग केन्द्रीय प्रमुख भुवन केसीले मंगलबार सूचना प्रकाशित गरेर मधेश अधिवेशन रोकिएको जानकारी गराएका हुन् । 'स्थगनको निर्णय मधेस प्रदेश अधिवेशनसँग सम्बन्धित प्रतिनिधि छनोट, निर्वाचन कार्यक्रम, उम्मेदवारी प्रक्रिया, प्रचारप्रसार, बैठक, भेला तथा अधिवेशन आयोजनासँग सम्बन्धित सम्पूर्ण गतिविधिहरुमा



लागु हुनेछ,' अनुशासन आयोगका प्रमुख केसीले निकालेको विज्ञप्तिमा भनिएको छ ।रास्वपाको प्रदेश अधिवेशन आजबाट सुरु भएको छ । प्रदेशतर्फ पहिलो अधिवेशन बागमतीबाट सुरु गरिएको छ । कोशीको जेठ २७, गण्डकीको २९, लुम्बिनीको ३०, कर्णालीको ३१ जेठ र सुदूरपश्चिम प्रदेशको अधिवेशन असार १ गतेका लागि तोकिएको छ ।

## एकताबद्ध भएर जनतामाझ जान ओलीको निर्देशन



दैनिक समाचारदाता

काठमाडौं, २६ जेठ । नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले पार्टी कार्यकर्तालाई एकताबद्ध भएर जनतामाझ सक्रिय हुन निर्देशन दिएका छन्।

उपाध्यक्ष रामबहादुर थापा 'बादल' नेतृत्वको निर्वाचन समीक्षा तथा पुनर्गठन कार्यदलको बैठकलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले पार्टी संगठनलाई थप सुदृढ, व्यवस्थित र प्रभावकारी बनाउनुपर्नेमा जोड दिए।

उनले पार्टीको बल संगठन र कार्यकर्ताको सक्रियतामा निहित रहेको उल्लेख गर्दै जनतासँगको सम्बन्ध अझ मजबुत बनाउन सबै तहका नेता-कार्यकर्तालाई सक्रिय भूमिका निर्वाह गर्न आग्रह गरे।

बैठकमा निर्वाचन समीक्षा, संगठन पुनर्गठन तथा आगामी कार्यदिशाबारे विस्तृत छलफल भइरहेको कार्यदलका सदस्य तथा एमाले सचिव महेश बस्नेतले जानकारी दिए।

### मन्त्रिमण्डल पुनर्गठन

## गृहमा गुरुङको पुनरागमन, महावीर पुन पनि मन्त्रिपरिषद्मा

दैनिक समाचारदाता

काठमाडौं, २६ जेठ । प्रधानमन्त्री बालेन्द्र शाहले मन्त्रिपरिषद् विस्तार गर्दै पूर्वगृहमन्त्री सुधन गुरुङलाई पुनः गृह मन्त्रालयको जिम्मेवारी दिएका छन् भने स्वतन्त्र सांसद महावीर पुनलाई विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्री नियुक्त गरेका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सोमबार आयोजित समारोहमा दुवै मन्त्रीले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका हुन् । कार्यक्रममा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभा अध्यक्ष, मन्त्रीहरू तथा सांसदहरूको उपस्थिति रहेको थियो ।

गोरखा-१ बाट निर्वाचित रास्वपा सांसद गुरुङ सम्पत्ति विवरण, सेयर स्वामित्व र आर्थिक कारोबारसम्बन्धी विवादपछि डेढ महिनाअघि गृहमन्त्री पदबाट बाहिरिएका थिए । सरकारले गठन गरेको पूर्वन्यायाधीश अच्यूतरमण भण्डारी नेतृत्वको छानबिन



समितिले उनीमाथि गम्भीर अनियमितता नदेखिएको निष्कर्ष दिएपछि प्रधानमन्त्री शाहले उनलाई पुनः गृह मन्त्रालयको जिम्मेवारी दिएका हुन् ।

यद्यपि समितिको पूर्ण प्रतिवेदन अझै सार्वजनिक नभएकाले गुरुङलाई दिइएको 'क्लिनचिट' र पुनर्नियुक्तिबारे राजनीतिक तथा सार्वजनिक वृत्तमा प्रश्नहरू भने कायम छन्। आलोचकहरूले प्रतिवेदन सार्वजनिक नगरी गरिएको पुनर्नियुक्तिले पारदर्शिता र जवाफदेहितामाथि थप बहस सिर्जना गरेको बताएका छन् ।

यसैगरी, म्याग्दीबाट निर्वाचित स्वतन्त्र सांसद महावीर पुन विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्री बनेका छन्। उनी यसअघि जेनजी आन्दोलनपछि गठन भएको सुशीला कार्की नेतृत्वको सरकारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री रहिसकेका छन्। फागुन २१ को निर्वाचनअघि उनले मन्त्री पदबाट राजीनामा दिएर चुनावी मैदानमा होमिएका थिए।


नयाँ नियुक्तिसँगै प्रधानमन्त्री शाहले आफ्नो मन्त्रिपरिषद्मा दुई प्रभावशाली अनुहारलाई पुनः जिम्मेवारी दिएका छन्, जसलाई सरकारको आगामी कार्यदिशासँग जोडेर हेरिएको छ।

## कारमार्फत युवती 'सप्लाई' गर्ने गिरोह पक्राउ


दैनिक समाचारदाता

काठमाडौं, २६ जेठ । कारमार्फत युवती उपलब्ध गराउँदै यौन व्यवसाय सञ्चालन गरेको आरोपमा प्रहरीले १६ जनालाई पक्राउ गरेको छ ।

प्रहरी वृत्त गौशालाको टोलीले गौशाला क्षेत्रमा सञ्चालन गरिएको विशेष अभियानका क्रममा यौन व्यवसायमा संलग्न रहेको आरोपमा चार पुरुष र १२ युवतीलाई पक्राउ गरेको जनाएको छ।









पक्राउ पर्नेमा सर्लाहीको लालबन्दी नगरपालिका-१४ का ३४ वर्षीय सुनिल तामाङ, मकवानपुरको बकैया गाउँपालिका-८ का २८ वर्षीय विवेक स्याङ्तान, काठमाडौं-९ शम्भुमार्गका राजकुमार गौतम तथा मकवानपुरको मनहरी गाउँपालिका-२ का ३३ वर्षीय विकास भुलन रहेका छन्।

प्रहरीले उनीहरूबाट युवती ओसारपसारमा प्रयोग गरिएको बीएसी ०८९० नम्बरको मारुती सुजुकी कार र बा २ ज २३२७ नम्बरको ट्याक्सी नियन्त्रणमा लिएको छ।

अनुसन्धानका क्रममा उक्त समूहले फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप र टिकटकजस्ता सामाजिक सञ्जालमार्फत ग्राहक खोज्ने, युवतीका तस्वीर तथा भिडियो पठाउने र रकममा सहमति भएपछि तोकिएको स्थानमा युवती पठाउने गरेको खुलेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार युवतीहरूलाई विशेषगरी गौशाला क्षेत्रका होटलहरूमा पुऱ्याइने गरिएको थियो। पक्राउ परेका विकास भुलन होटल व्यवसायी, विवेक स्याङ्तान ट्याक्सी चालक, राजकुमार गौतम कारधनी तथा सुनिल तामाङ ग्राहक खोज्ने भूमिकामा सक्रिय रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।


उनीहरूले एक ग्राहकबाट करिब १० हजार रुपैयाँसम्म असुल्ने गरेको प्रहरीको भनाइ छ। बरामद मोबाइल फोनहरूमा यौन व्यवसायसम्बन्धी संवाद तथा रकमको मोलमोलाइका विवरण फेला परेको प्रहरीले जनाएको छ।

पछिल्लो समय काठमाडौं उपत्यकामा निजी सवारीसाधन प्रयोग गरी युवती ओसारपसार गर्ने प्रवृत्ति बढ्दै गएको प्रहरीले जनाएको छ। यसअघि पनि गौशाला क्षेत्रबाट यस्तै प्रकृतिको घटनामा संलग्न रहेको आरोपमा दोलखाका कुलबहादुर कार्की पक्राउ परेका थिए। उनले आफ्नै कारमार्फत विभिन्न होटलमा युवती पुऱ्याउने गरेको अनुसन्धानबाट खुलेको थियो।


प्रहरीले यस घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी





सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर


जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,

Phone :9861147201

नैना होस्पिटल प्रा.लि.

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,

Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# दलितका पीडा सुन्ने मात्र होइन, समाधान गर्ने बेला

राष्ट्रिय दलित विकास समितिका उपाध्यक्ष जितेन्द्र पासमानले हालै सिरहाको मिर्चैयामा आयोजित दलित अगुवा भेलामा दलित समुदायका समस्या र गुनासा सुन्दा उनीहरूको जीवन पीडा, विभेद र वञ्चनाले भरिएको अनुभूति भएको बताए। उनको यो अभिव्यक्ति केवल भावनात्मक प्रतिक्रिया मात्र नभई राज्यका निकायहरूले दलित समुदायको वास्तविक अवस्थालाई बुझ्न थालेको संकेतका रूपमा लिन सकिन्छ। तर प्रश्न उठ्छ–के दलितका पीडा सुन्ने कार्यमै सीमित रहने हो, वा त्यसको समाधानका लागि प्रभावकारी कदम पनि चालिनेछ?

नेपालको संविधानले समानता, सामाजिक न्याय र समावेशिताको प्रत्याभूति गरेको छ। तर व्यवहारमा दलित समुदाय अझै पनि शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि स्वामित्व तथा सामाजिक सम्मानका आधारभूत अधिकारबाट वञ्चित छ। विशेषगरी मधेश प्रदेशका धेरै दलित परिवार गरिबी, अशिक्षा र सामाजिक विभेदको चक्रबाट बाहिर निस्कन संघर्षरत छन्। कानुनी रूपमा छुवाछुत अपराध घोषणा गरिएको वर्षौं बितिसक्दा पनि विभिन्न ठाउँमा दलितमाथि हुने विभेद, हिंसा र अपमानजनक व्यवहार पूर्ण रूपमा अन्त्य हुन सकेको छैन।

यस्तो अवस्थामा मधेश प्रदेश सरकारले दलित विकास समिति गठन गर्नु सकारात्मक कदम हो। तर कुनै पनि समिति गठन हुनु मात्रै उपलब्धि होइन। त्यसले आफ्नो उद्देश्यअनुसार परिणाममुखी काम गर्न सक्यो भने मात्र यसको औचित्य पुष्टि हुन्छ। विगतमा पनि विभिन्न आयोग, समिति र कार्यदलहरू बने, तर अपेक्षित उपलब्धि हासिल हुन नसकेको अनुभव हाम्रो सामु छ। त्यसैले दलित विकास समितिले आफूलाई केवल औपचारिक संरचनामा सीमित नराखी समुदायका वास्तविक आवश्यकतामा केन्द्रित हुनुपर्छ।

मिर्चैयामा आयोजित गोष्ठीमा दलित अगुवा तथा अधिकारकर्मीहरूले उठाएका सवालहरू गम्भीर छन्। राज्यका सेवा तथा अवसरमा पहुँचको अभाव, शिक्षा र स्वास्थ्यमा असमानता, रोजगारका सीमित अवसर तथा सामाजिक विभेदका घटनाहरू आज पनि दलित समुदायका प्रमुख चुनौतीका रूपमा रहेका छन्। यी समस्याको समाधान केवल भाषण र प्रतिबद्धताले सम्भव हुँदैन। यसका लागि स्पष्ट योजना, पर्याप्त बजेट, प्रभावकारी कार्यान्वयन र नियमित अनुगमन आवश्यक छ।

दलित अधिकार अभियन्ता शान्ति पासमानले लामो संघर्षपछि दलित विकास समिति गठन भएको उल्लेख गर्दै यसलाई थप सशक्त बनाउनुपर्ने बताएकी छन्। यो सुझाव समयसापेक्ष छ। दलित समुदायका सवालमा काम गर्ने संस्थालाई अधिकार, स्रोत र निर्णय क्षमताले बलियो बनाइएन भने त्यसले अपेक्षित परिणाम दिन सक्दैन। दलित समुदायको उत्थानका लागि उनीहरूकै सहभागिता र नेतृत्वलाई सुनिश्चित गर्नु पनि उत्तिकै आवश्यक छ।

आजको आवश्यकता दलितका समस्या सुन्ने कार्यक्रम मात्र होइन, ती समस्याको समाधान गर्ने दृढ राजनीतिक इच्छाशक्ति हो। दलित समुदायलाई दया वा सहानुभूतिको विषय होइन, अधिकार सम्पन्न नागरिकका रूपमा स्थापित गर्नुपर्छ। राज्यका सबै तह, राजनीतिक दल, नागरिक समाज र सरोकारवाला निकायहरूले दलित सशक्तीकरणलाई प्राथमिकतामा राख्नुपर्छ।

उपाध्यक्ष पासमानले व्यक्त गरेको प्रतिबद्धता व्यवहारमा रूपान्तरण हुन सकेमा दलित समुदायमा नयाँ आशा जगाउन सक्छ। तर त्यो आशा केवल शब्दमा सीमित नभई नीति, कार्यक्रम र परिणाममा देखिनुपर्छ। दलितका पीडा सुन्ने क्रम अब धेरै भइसकेको छ; अब ती पीडाको स्थायी समाधान खोज्ने बेला आएको छ।

# जीपीएको दौडमा विद्यार्थीले जीवन नहारून्



श्री प्रसाद देवकोटा

हरेक वर्ष एसईई वा अन्य परीक्षाको नतिजा सार्वजनिक भएपछि देशैभर बहस दोहोरिन्छ- कसले कति जीपीए ल्यायो, कुन विद्यालय उत्कृष्ट बन्यो, कुन विद्यालय असफल भयो ? अभिभावक, शिक्षक, विद्यालय र परिवार सबै अङ्कको उत्सव वा निराशामा केन्द्रित हुन्छन्। विद्यालयको गुणस्तर कक्षाकोठाको वातावरण, शिक्षक-विद्यार्थी सम्बन्ध, अनुसन्धान, सिर्जनशीलता वा जीवनोपयोगी सीपबाट होइन, जीपीए र उत्तीर्ण प्रतिशतबाट मापन गरिन्छ।

विद्यालयहरू ज्ञानका बगैंचा भन्दा पनि नतिजा उत्पादन गर्ने कारखाना बनेका छन्, जहाँ विद्यार्थीलाई सोच्नभन्दा सम्झिन, प्रश्न गर्नभन्दा उत्तर दोहोर्‍याउन र जीवन बुझ्नभन्दा परीक्षा उत्तीर्ण गर्न बढी सिकाइन्छ। यसैकारण शिक्षा सिकाइको प्रक्रियाभन्दा पनि परिणामको प्रतिस्पर्धा बनेको छ। विद्यालय र विश्वविद्यालयहरू ज्ञानको मन्दिर होइन, प्रमाणपत्र छाप्ने र बजारका लागि (अ)दक्ष श्रमिक उत्पादन गर्ने कारखाना बनेका छन्। हाम्रो शिक्षाले विद्यार्थीको मूल्याङ्कन उसको मार्कशीटको आधारमा मात्र गरिरहन्छ। जबसम्म यस्तो भइरहन्छ, देशले प्रमाणपत्र बोकेका परिचालित श्रमिक त पाउँछ, तर समाज बदल्ने चिन्तक र नवप्रवर्तक कहिल्यै पाउँदैन।

मार्कशीटको नम्बरले मान्छेको योग्यता मापन गर्न छाडेर जबसम्म शिक्षाले प्रश्न गर्ने साहस, सिर्जना गर्ने क्षमता र अन्याय विरुद्ध उभिने नैतिकता दिँदैन, तबसम्म देश जतिसुकै साक्षर भए पनि मुलुक सधैं विचार र चेतनाको खडेरीमा फसिराख्नेछ। शिक्षालाई कारखानाबाट मुक्त गरेर पुनः ज्ञान र चेतनाको मन्दिर बनाउन ढिलो भइसकेको छ।

अर्कोतर्फ, शिक्षा प्रणालीको मूल्याङ्कन जीपीए, उत्तीर्ण प्रतिशत र टपर उत्पादनमा सीमित हुँदा सिकाइको गुणस्तर ओझेलमा परेको छ। बालबालिकाले कसरी सिकिरहेका छन्, विद्यालयको भौतिक-शैक्षिक वातावरण कस्तो छ, पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण विधि कत्तिको व्यावहारिक छ, विद्यार्थीको मानसिक अवस्था कस्तो छ जस्ता विषयहरूमा खासै बहस सुनिँदैन।

विश्व बैंकको अनुसन्धान प्रतिवेदनले नेपाल सहित दक्षिणएशियामा 'सिकाइ सङ्कट दर' उच्च देखाएको छ। अर्थात्, १० वर्ष उमेरसम्मका धेरै बालबालिकाले सामान्य पाठ बुझेर पढ्न सक्ने आधारभूत क्षमता समेत हासिल गर्न सकिरहेका छैनन्। विद्यालय भर्ना दर बढे पनि धेरै विद्यार्थी आधारभूत भाषा र गणितीय दक्षतामै कमजोर छन्। यसले हाम्रो शिक्षा प्रणालीमा एउटा गम्भीर प्रश्न खडा गरेको छ- यदि विद्यालयले बालबालिकालाई जीवनका आधारभूत क्षमता नै दिन सकिरहेको छैन भने शिक्षा प्रणालीको सफलता कसरी मापन गर्ने ?

शैक्षिक गुणस्तर परीक्षण केन्द्रका विभिन्न राष्ट्रिय मूल्याङ्कन प्रतिवेदनहरूले पनि आधारभूत तहका धेरै विद्यार्थी गणित, विज्ञान र भाषाका आधारभूत सीपमा कमजोर रहेको देखाएका छन्, जबकि परीक्षा प्रणालीमा तुलनात्मक रूपमा उच्च नतिजा देखाउने प्रवृत्ति कायम छ।

सँगसँगै बढ्दो बेरोजगारी, मानसिक तनाव, सामाजिक असहिष्णुता, डिजिटल लत र सम्बन्धहरूको विघटन जस्ता गहिरा सामाजिक, मानसिक र आर्थिक सङ्कटहरूले आज एउटा गम्भीर प्रश्न उठाइरहेका छन्- शिक्षा केवल परीक्षा पास गर्ने माध्यम हो कि जीवन बुझ्ने क्षमता विकास गर्ने प्रक्रिया पनि हो ? शिक्षाले नैतिक र जिम्मेवार नागरिक निर्माण गर्न सकेन भने कोरा प्रमाणपत्रको सङ्ख्याले समाजमा झनै सङ्कट थप्छ।

सत्य हो, हाम्रो शिक्षा क्रमशः अङ्क, प्रतिस्पर्धा र प्रमाणपत्रको सीमित परिभाषाभित्र बन्द हुँदै गएको छ। विद्यालयहरू सिकाइका केन्द्रभन्दा बढी नतिजा उत्पादन गर्ने संस्था जस्ता बन्न थालेका छन्। विद्यार्थीको क्षमता उसको जिज्ञासा, सिर्जनशीलता वा व्यवहारले होइन, एउटा ग्रेडले मापन गरिन्छ। शिक्षा प्रणालीलाई मानवीय विकासभन्दा परीक्षाकेन्द्रित संरचनातर्फ धकेलिएको छ। यही बीच एउटा गम्भीर प्रश्न लगातार उठिरहेको छ- के शिक्षा भनेको केवल प्रमाणपत्र प्राप्त गर्ने प्रक्रिया हो, कि जीवन बुझ्ने र सामाजीकरण सिकाइको यात्रा पनि ?

लोकसेवा, विदेश वा निजी जागिरको लाइनमा उभिएको ठूलो पुस्ताले कठोर सत्य प्रकट गरेको छ- प्रमाणपत्र बढेको छ, तर क्षमता र अवसर बीचको दूरी पनि बढेको छ। उच्च जीपीए ल्याएका हजारौं विद्यार्थी पनि व्यावहारिक सीप, अनुसन्धान क्षमता वा रोजगारका लागि आवश्यक दक्षतामा कमजोर देखिन्छन्।

विश्वविद्यालयको प्रमाणपत्र बोकेका युवाहरू रोजगारीका लागि विदेशिन बाध्य छन् भने धेरै रोजगारदाता स्वयंले 'डिग्रीभन्दा सीप आवश्यक रहेको' बताइरहेका छन्। यसले शिक्षा र जीवन बीचको दूरी बढ्दै गएको सङ्केत गर्छ। विद्यालय र कलेजहरूले प्रमाणपत्र उत्पादन गरिरहेका छन्, तर समाजमा दिशाहीनता र बेरोजगारी बढिरहेको छ।

यूएनडीपीको तथ्याङ्क अनुसार नेपालमा १५ देखि २९ वर्ष उमेर समूहको युवा बेरोजगारी दर करिब ९.५ प्रतिशत छ। तर औपचारिक बेरोजगारीभन्दा ठूलो सङ्कट अन्डर-इम्प्लोयमेन्ट र विदेश पलायन हो।

यस बीच अर्को सङ्कट झन् गहिरो बन्दै गएको छ- बालबालिका र किशोरहरूको मानसिक स्वास्थ्य। विश्व स्वास्थ्य सङ्गठन र युनिसेफका अनुसार नेपालमा १३ देखि १९ वर्ष उमेर समूहका ५.२ प्रतिशत किशोरमा पहिचानयोग्य मानसिक स्वास्थ्य समस्या देखिएको छ भने ६ देखि १८ वर्ष उमेरका १८.३ प्रतिशत बालबालिकामा भावनात्मक वा व्यावहारिक कठिनाइ रहेको उल्लेख गरिएको छ। आत्महत्या १५-२९ वर्ष उमेर समूहमा मृत्युका प्रमुख कारणमध्ये एक बनेको छ। यसले शिक्षा प्रणालीको अर्को गम्भीर कमजोरी उजागर गर्छ।

विद्यालयहरूमा अङ्क, परीक्षा र प्रतिस्पर्धामाथि अत्यधिक जोड छ, तर भावनात्मक विकास, मानसिक स्वास्थ्य र सामाजिक व्यवहारमाथि पर्याप्त ध्यान छैन। धेरै बालबालिकाका लागि विद्यालय सिक्ने भन्दा दबाबको ठाउँ बन्दै गएको छ।

युनिसेफका अध्ययन प्रतिवेदनले पनि परीक्षाकेन्द्रित दबाब, अभिभावकीय अपेक्षा र अत्यधिक प्रतिस्पर्धाले किशोरकिशोरीमा तनाव, चिन्ता र आत्मविश्वासको समस्या बढाइरहेको निष्कर्ष निकालेका छन्।

भाषा र संस्कृतिको प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ। विभिन्न अध्ययनले प्रारम्भिक शिक्षा मातृभाषामा हुँदा सिकाइ प्रभावकारी हुने देखाएका छन्। मातृभाषामा सिक्ने बालबालिकाले विषय बुझाइ, आत्मविश्वास र सहभागितामा राम्रो प्रदर्शन गर्ने तथ्य अनुसन्धानले देखाएका छन्। तर नेपालमा अङ्ग्रेजी माध्यम शिक्षाप्रति आकर्षण तीव्र रूपमा बढिरहेको छ। अभिभावकहरू अङ्ग्रेजीलाई अवसरसँग जोडेर हेर्छन्।

युवाका लागि शिक्षा अब ज्ञान वा सामाजिक रूपान्तरणको प्रक्रिया होइन, विदेश जाने माध्यम बनेको छ। जब शिक्षा स्थानीय समाज, उत्पादन, कृषि, समुदाय र राष्ट्रिय आवश्यकतासँग जोडिन सक्दैन, तब शिक्षित पुस्ताले आफ्नै समाजमा भविष्य देख्न छाड्छ। यसले दीर्घकालमा सामाजिक संरचना कमजोर बनाउँछ, पुस्तागत सीप हराउँछ, सामुदायिक सम्बन्ध कमजोर हुन्छ र राष्ट्रिय आत्मनिर्भरता घट्दै जान्छ।

यसैगरी शिक्षाले स्थानीय समाज, उत्पादन र जीवनसँगको सम्बन्ध क्रमशः गुमाउँदै छ। गाउँका विद्यालयमा पढ्ने बालबालिकालाई आफ्नै गाउँको कृषि, वातावरण, स्थानीय अर्थतन्त्र वा समुदायबारे भन्दा बाह्य जीवनशैली र सम्भावनाका बारेमा बढी पढाइन्छ। फलस्वरूप शिक्षा स्थानीय जीवन बुझ्ने प्रक्रियाभन्दा गाउँबाट बाहिर निस्कने माध्यम जस्तो बन्न पुगेको छ।

कृषि पेशाप्रति वितृष्णा बढेको छ। श्रमलाई सिर्जना वा आत्मनिर्भरताको आधारभन्दा बाध्यताको प्रतीकका रूपमा बुझ्ने प्रवृत्ति फैलिएको छ। जब शिक्षा आफ्नो समाज र जीवनसँग जोडिन छोड्छ, तब त्यसले ज्ञानभन्दा बढी विच्छेदन उत्पादन गर्छ।

***कस्तो शिक्षा प्रणाली आवश्यक ?***

फिनल्यान्डले शिक्षा प्रणालीलाई परीक्षाकेन्द्रित मात्र बनाएको छैन; त्यहाँ सहकार्य, खेल, प्रकृतिसँगको सम्बन्ध, सामूहिक जिम्मेवारी, मानसिक स्वास्थ्य र जीवनोपयोगी सीपलाई शिक्षाको अभिन्न हिस्सा बनाइएको छ। शिक्षकलाई उच्च सम्मान र स्वतन्त्रता दिइएको छ। विद्यार्थीलाई निरन्तर तुलना गरेर होइन, उनीहरूको व्यक्तिगत क्षमता विकास गरेर अघि बढाउने प्रयास गरिन्छ।

त्यस्तै जापानमा विद्यालय शिक्षा केवल शैक्षिक उपलब्धिसम्म सीमित छैन। त्यहाँ विद्यार्थीले विद्यालयको सफाइ आफैं गर्छन्, सामूहिक रूपमा भोजन व्यवस्थापनमा सहभागी हुन्छन् र दैनिक व्यवहार मार्फत जिम्मेवारी, सहकार्य तथा अनुशासन सिक्छन्। शिक्षालाई मात्र परीक्षा र करिअरको तयारी होइन, 'सामाजिक प्राणी बनाउने प्रक्रिया' का रूपमा लिएको छ। समयपालन, सार्वजनिक सम्पत्तिप्रतिको सम्मान, समूहमा काम गर्ने संस्कार र श्रमप्रतिको सम्मान विद्यालय जीवनमै सिकाइन्छ। यही कारण जापानमा सामाजिक अनुशासन, सार्वजनिक उत्तरदायित्व र सामूहिक चेतना बलियो मानिन्छ। अमेरिकी शिक्षाशास्त्री जोन डिवेले शिक्षालाई जीवनसँग जोड्दै भनेका छन्- 'शिक्षा जीवनको तयारी होइन, स्वयम् जीवन हो।' अर्थात्, शिक्षा कक्षाकोठाभित्र सीमित होइन, व्यवहार, समाज र अनुभवसँग गहिरो रूपमा जोडिएको हुनुपर्छ। अतः शिक्षा भनेको केवल सफल व्यक्ति उत्पादन गर्ने प्रक्रिया होइन; त्यो समाजको भविष्य निर्माण गर्ने प्रक्रिया हो।

जबसम्म शिक्षालाई परीक्षा र जागिरको साँघुरो घेराबाट मुक्त गरेर जीवन, समाज र मानवीय मूल्यहरूसँग जोडिँदैन, तबसम्म प्रमाणपत्रको सङ्ख्या बढे पनि समाजभित्रको नैतिक र सामाजिक सङ्कट गहिरिँदै जानेछ। प्रमाणपत्रको सङ्ख्या बढे पनि समाजमा विश्वास, सहकार्य र मानवीयता घट्दै जानेछ।

अतः शिक्षाले बालबालिकालाई सूचना मात्र होइन, विवेक पनि दिनुपर्छ। प्रतिस्पर्धा मात्र होइन, सहकार्य सिकाउनुपर्छ। जागिरका लागि होइन, जीवनका लागि तयार गर्नुपर्छ। व्यक्तिलाई दक्ष मात्र होइन, विवेकी बनाओस्। प्रतिस्पर्धी मात्र होइन, जिम्मेवार बनाओस्। व्यक्तिगत सफलतामा मात्र केन्द्रित होइन, समाजप्रति उत्तरदायी बनाओस्।

आधुनिक समाजशास्त्रका अनुसार, शिक्षाको उद्देश्य व्यक्तिलाई अरूभन्दा उत्कृष्ट बनाउनु मात्र होइन, बरु उसलाई समाजका लागि उपयोगी र उत्तरदायी बनाउनु हो। हामीलाई अब दक्ष श्रमिक मात्र होइन; प्रश्न गर्ने नागरिक, सिर्जना गर्ने वैज्ञानिक र न्यायको पक्षमा उभिने चिन्तक चाहिएको छ ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# मंगलयानकी वैज्ञानिकको सारी संग्रहालयमा

नन्दिनी हरिनाथले भारतीय अन्तरिक्ष वैज्ञानिक कार्यालयमा चम्किलो रातो र निलो सिल्कको सारीमा पुगेको दिनलाई आफ्नो जीवनको सबैभन्दा महत्त्वपूर्ण दिनको रूपमा सम्झिने गरेको सुनाउँछिन्।



उक्त सारीलाई अहिले वासिङ्टनस्थित स्मिथसोनियनको न्याश्नल एअर एन्ड स्पेस सङ्ग्रहालयमा गौरवपूर्ण तरिकाले राखिएको छ।

भारतको पहिलो मङ्गल ग्रह अर्बिटर मिसन, मङ्गलयानकी उप-सञ्चालन निर्देशक रहेकी नन्दिनीले उक्त सारी सन् २०१३ को डिसेम्बर १ तारिखमा लगाएकी थिइन्।

नन्दिनी भारतको अन्तरिक्ष निकायको प्रतिनिधित्व गर्दा वा कुनै विशेष कामको दिनमा सारी लगाउने गर्छिन् जुन खास गरी उनको बुवाले उनलाई उपहार दिएका थिए।

यो अभियानका लागि "सबैभन्दा महत्त्वपूर्ण दिन" भएकाले उनका लागि उक्त सारी निर्विकल्प छनोट थियो।

नन्दिनी र भारतीय अन्तरिक्ष अनुसन्धान निकाय (इस्रो) का अन्य वैज्ञानिकहरू अन्तरिक्षयानलाई पृथ्वीको कक्षबाट बाहिर धकेल्न र मङ्गल ग्रहको कक्षमा ३०० दिनको यात्रामा पठाउन उनीहरू कन्ट्रोल रुममा थिए।

"त्यो गर वा मरको क्षण थियो, मिसनको सबैभन्दा महत्त्वपूर्ण अपरेसन," सन् २०१६ मा मैले अन्तर्वार्ता गर्दा नन्दिनीले भनेकी थिइन्, "अन्तरिक्षयान कहाँ जान्छ, कसरी जान्छ र कहिले जान्छ भन्ने हामीले निर्णय गर्नुपर्ने थियो। हामीले त्यो दिनमा जे गर्थ्यौँ त्यसमै अभियानको सफलता निर्भर गर्थ्यो।"

मङ्गलयानलाई सन् २०१४ को सेप्टेम्बर २४ तारिखमा सफलतापूर्वक मङ्गल ग्रहको कक्षमा राखियो। त्यसो गर्ने भारत चौथो राष्ट्र र यो क्षेत्रकै पहिलो थियो।

त्यस दिन नन्दिनी र अन्य महिला अन्तरिक्ष वैज्ञानिकहरूले सारी लगाएर इस्रो कार्यालयमा उत्सव मनाएको तस्बिर सामाजिक सञ्जालमा भाइरल बनेको थियो र उनीहरू विश्वव्यापी रूपमा चर्चामा आएका थिए। यसले भारतमा रकेट विज्ञान पुरुषले मात्रै धानिरहेका छन् भन्ने मान्यतालाई चुनौती दिएको थियो।

इस्रोले पछि उत्सव मनाउने महिलाहरू प्रशासनिक कर्मचारी भएको स्पष्टीकरण दिँदै उक्त मिसनमा काम गर्ने थुप्रै महिला वैज्ञानिकहरू पनि रहेको र त्यति बेला उनीहरू कन्ट्रोल रूपमा रहेको बताएको थियो। स्मिथसोनियन सङ्ग्रहालयका अन्तरिक्ष इतिहासका क्युरेटर म्याट शिन्डेलले अमेरिकाबाट बीबीसीलाई बताएअनुसार उक्त तस्बिर "निकै आकर्षक" थियो।

"मलाई लाग्यो यो कथा भन्नका लागि उत्कृष्ट हुनेछ, यी 'रकेट महिला' जो यो महत्त्वपूर्ण अभियानको अग्र र केन्द्रमा थिए।"

शिन्डेलले सन् २०२० मा नन्दिनीलाई इमेलमार्फत सम्पर्क गरे र भारतको मङ्गल अभियानको प्रतिनिधित्व कुन कुराले राम्ररी गर्छ र त्यसमा नन्दिनीको भूमिका के हुन्छ भनेर छलफल गरे।

"मैले उनलाई कुन वस्तु राख्न इच्छुक हुन्छिन् भनेर सोधेँ। हामीले मङ्गलयानले पृथ्वीको कक्ष छोडेको दिन उनले लगाएको सारी राख्नेमा सहमति जनायौँ," शिन्डेलले भने।

स्मिथसोनियनमा प्रत्येक साता १०औं हजार मानिसहरू भ्रमणका लागि पुग्छन् जहाँ भारतका अन्य थुप्रै सङ्ग्रहहरू पनि राखिएका छन्। तर तिनीहरू धेरैजसो एअर फोर्स र विमान कम्पनीहरूका हुन्।

त्यहाँ चाँदीको किस्ती पनि छ जुन सन् २००७ मा विज्ञान आख्यान लेखक आर्थर सी क्लार्कलाई उनको ९० औं जन्मदिनमा इस्रोले सम्झना स्वरूप दिएको थियो।

"तर नन्दिनीको सारी मैले हाम्रो विज्ञान सङ्ग्रहका लागि सङ्कलन गरेको पहिलो वस्तु हो र यो पहिलो सारी हो," शिन्डेलले भने।

यो सारीलाई एअर एन्ड स्पेस सङ्ग्रहालयको "फ्युचर्स इन स्पेस" अन्तर्गत प्रदर्शन गरेर राखिएको छ। त्यहाँ खेलौना, खेल र चलचित्रका पोस्टरहरू पनि राखिएका छन्। अन्तरिक्षमा पुग्ने अमेरिकी पहिलो महिला साली राइडले सन् १९८३ को शटल अभियानमा लगाएको निलो टी-सर्टसँगै यो सारी राखिएको छ।



यो प्रदर्शनमा राख्नु पछाडिको उद्देश्यबारे शिन्डेल भन्छन्, "अन्तरिक्षमा भएका हालैका घटनाहरू र त्यसपछि हुनसक्ने घटनाबारे भ्रमणमा आउनेहरूलाई जानकारी गराउनु हो।"

"अन्तरिक्षबारे हामीसँग धेरै प्रश्नहरू छन् र त्यहाँ राख्नुले भ्रमण गर्न आउनेहरूलाई अहिलेका ठूला प्रश्नहरू सोच्न बाध्य बनाउँछः अन्तरिक्षमा को जाने भनेर कसले निर्णय गर्छ? हामी किन जान्छौँ? र त्यहाँ हामी पुगेपछि के गर्छौँ?"

यो प्रदर्शनी किन भन्ने प्रश्नसँग जोडिएको छ र यहाँ राखिएका वस्तुहरूले अन्तरिक्षमा जाने प्रेरणा दिन्छ।

नन्दिनीको सारीले दुईवटा प्रेरणा दिने उनी बताउँछन्।

"पहिलो, यो भारतको पहिलो मङ्गल ग्रह अभियान र देशको सफल अन्तरिक्ष कार्यक्रममा राष्ट्रिय गौरवको प्रतीक हो। दोस्रो, उनको व्यक्तिगत कथा हो जुन प्रेरणादायी छ किनभने उनको सफलताले धेरै मानिसहरूलाई विज्ञानमा पेसा बनाउन प्रोत्साहित गर्नसक्छ।"

शिन्डेल भन्छन्– सारीको सांस्कृतिक महत्त्व छ र यसलाई सजिलै चिन्न सकिने भएकाले पनि यो सारी छनोट गरिएको हो। प्रदर्शनले सङ्ग्रहालयका आगन्तुकहरूलाई प्रदर्शनीहरूको बारेमा थप जान्नका लागि टचस्क्रीन थिच्न उत्सुक बनाउँछ।

"म एकदमै खुसी छु किनभने यहाँ आउनेहरूले सारी हेरिरहेका छन् र यसको बारेमा थप जान्न चाहन्छन्। यो हाम्रो सङ्ग्रहमा थपिएको एउटा गज्जबको कुरा हो," शेन्डेल भन्छन्।

बीबीसी/नेपालीबाट

# पर्सामा रविमाथिको संगठित अपराधको आरोप हट्यो

दैनिक समाचारदाता

काठमाडौं, २६ जेठ । जिल्ला अदालत पर्साले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्ध सानो पाइला सहकारी ठगी प्रकरणमा लगाइएको संगठित अपराधसम्बन्धी आरोप हटाएको छ ।

महान्यायाधिवक्ताको निर्णयअनुसार सरकारी वकिलहरूले आरोपपत्र संशोधनका लागि अदालतमा निवेदन दिएपछि न्यायाधीश मोहन सुवेदीको इजलासले आरोपपत्र संशोधन गर्न आदेश दिएको हो। पर्साका जिल्ला न्यायाधीवक्ता मोहनप्रसाद गुप्ताले अदालतले संशोधनको अनुमति दिएको जानकारी दिए।

अदालतको आदेशसँगै अब सानो पाइला सहकारी ठगी मुद्दामा आरोपित र पीडित पक्षबीच मिलापत्र गर्ने कानुनी बाटो खुलेको छ। दुवै पक्षबीच सहमति भएमा मुद्दा फिर्ता लिन सकिने व्यवस्था रहेको छ।

सरकारी वकिलको कार्यालय, पर्साले १ असार २०८२ मा सानो पाइला सहकारीको रकम हिनामिना गरेको आरोपमा रवि लामिछानेसहित २९ जनाविरुद्ध मुद्दा दायर गरेको थियो। उक्त मुद्दामा ५ करोड ७४ लाख रुपैयाँ विगो दाबी गरिएको थियो।

# रास्वपा धनुषा सभापति यादव निलम्बित

दैनिक समाचारदाता

जनकपुरधाम, २६ जेठ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले धनुषा जिल्ला कार्यसमितिका सभापति लक्ष्मेश्वर यादवलाई पदबाट निलम्बन गरेको छ।

पार्टीको केन्द्रीय अनुशासन आयोगले जारी गरेको पत्रमार्फत थप अनुसन्धान प्रक्रिया पूरा नहुँदासम्म यादवलाई जिल्ला सभापतिको जिम्मेवारीबाट मुक्त गरिएको जनाएको हो।

आयोगका अनुसार यादवमाथि पार्टीको विधान, आचारसंहिता र मूल्यमान्यता विपरीत गतिविधि गरेको, पदीय जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्न नसकेको, क्षेत्राधिकार मिचेको, अनावश्यक हस्तक्षेप गरेको तथा समूहगत राजनीतिलाई प्रोत्साहन दिएको लगायतका विषयमा विभिन्न उजुरी परेका थिए।

यसअघि आयोगले उनीसँग स्पष्टीकरण मागेको थियो। प्राप्त जवाफ अध्ययन गर्दा थप अनुसन्धान र प्रमाण संकलन आवश्यक देखिएकाले अन्तरकालीन आदेश जारी गर्दै निलम्बन गरिएको जनाइएको छ।



आयोगले अर्को निर्णय नभएसम्म यादवलाई जिल्ला सभापतिको हैसियतमा कुनै कामकाज गर्न, पार्टीका बैठक तथा गतिविधिमा सहभागी हुन तथा संगठनात्मक जिम्मेवारी निर्वाह गर्न रोक लगाएको छ। उक्त निर्णयबारे पार्टीका सम्बन्धित केन्द्रीय, प्रदेश र जिल्ला निकायलाई समेत जानकारी गराइएको छ।

## गर्मीबाट बचौं, स्वास्थ्य जोगाऔं !

### अत्यधिक गर्मीमा सावधानी अपनाऔं

तातो मौसममा लापरवाहीले चक्कर आउने, बेहोस हुने, डिहाइड्रेसन, हीट एक्सहस्टन र हीट स्ट्रोकजस्ता समस्या हुन सक्छन्। विशेष गरी बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला र दीर्घरोगीहरू बढी जोखिममा हुन्छन्।

*प्रशस्त पानी पिउनुहोस्*

तिर्खा नलागे पनि पटक-पटक पानी, जुस, झोलिलो खाना वा ओआरएस सेवन गर्नुहोस्। अत्यधिक चिनी वा मदिरायुक्त पेयबाट टाढा रहनुहोस्।

*हल्का कपडा लगाउनुहोस्*

सूती तथा हल्का रङका कपडा, टोपी वा छाता प्रयोग गर्नुहोस्।

*घाममा कम निस्कनुहोस्*

विशेषगरी दिउँसो ११ बजेदेखि ४ बजेसम्मको कडा घामबाट जोगिनुहोस्। आवश्यक परे छायाँमा विश्राम लिनुहोस्।

*पौष्टिक र झोलिलो खाना खानुहोस्*

फलफूल, सागसब्जी, दही, जाउलो, सातुजस्ता हल्का तथा पोषिलो खाना उपयोगी हुन्छन्।

*घर र कार्यस्थल चिसो राख्नुहोस्*

झ्याल-ढोका खोलेर हावा चल्ने व्यवस्था गर्नुहोस्, पर्दा प्रयोग गर्नुहोस् र सम्भव भए पंखा वा कुलरको सुरक्षित प्रयोग गर्नुहोस्।

*यी लक्षण देखिए तुरुन्त सावधानी अपनाउनुहोस्*

अत्यधिक पसिना आउने, कमजोरी, चक्कर लाग्ने, टाउको दुख्ने, वाकवाकी लाग्ने, शरीर धेरै तातो हुने वा बेहोस हुने। यस्तो भए व्यक्तिलाई चिसो स्थानमा सार्नुहोस्, पानी पिलाउनुहोस् र आवश्यक परे स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस्।

*सावधानी अपनाऔं, गर्मीबाट सुरक्षित रहौं।*

स्वस्थ नागरिक, सुरक्षित समाज


**हाँसपुर गरपालिकाको कार्यालय**

धनुषा, मधेश प्रदेश

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# दलित समुदायको उत्थानमा प्रभावकारी नीति र बजेटको माग



दैनिक समाचारदाता
जनकपुरधाम, २६ जेठ । दलित विकास समितिको आयोजनामा धनुषाको ढल्केवर र रौतहटको चपुरमा सम्पन्न 'दलित अगुवा भेला गोष्ठी'मा सहभागी दलित अगुवा तथा अधिकारकर्मीहरूले दलित समुदायले भोग्दै आएका विभेद, हिंसा, शोषण तथा राज्यको उपेक्षाप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन्।

समितिका अध्यक्ष जितेन्द्र पासमानको अध्यक्षतामा आयोजित कार्यक्रममा धनुषा, रौतहट, सिरहा र सप्तरी जिल्लाका दलित अगुवा तथा अधिकारकर्मीहरूको सहभागिता रहेको थियो। सहभागीहरूले दलित समुदायमाथि हुने हत्या, हिंसा, बलात्कार, जातीय विभेद तथा छुवाछुतका घटनाहरू अझै पनि निरन्तर भइरहेकाले राज्यका निकायहरू थप जिम्मेवार बन्नुपर्ने आवश्यकता औंल्याए।

गोष्ठीमा बोल्ने अधिकांश सहभागीहरूले दलित समुदायप्रति राज्य संयन्त्र मात्र होइन, राजनीतिक दलका नेतृत्व तहबाट समेत विभेदपूर्ण व्यवहार हुने गरेको गुनासो गरे। उनीहरूले दलित विकास समितिलाई प्रदान गरिएको काम, कर्तव्य र अधिकारलाई प्रभावकारी रूपमा प्रयोग गरी दलित समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी तथा आर्थिक सशक्तीकरणका क्षेत्रमा ठोस कार्यक्रम सञ्चालन गर्न आग्रह गरेका छन्।

सहभागीहरूले मधेश प्रदेशको कुल जनसंख्याको करिब १८ प्रतिशत हिस्सा दलित समुदायको भए पनि विकास, प्रतिनिधित्व तथा स्रोत-साधनको पहुँचमा अपेक्षित सुधार हुन नसकेको बताए। उनीहरूले स्थानीय तहदेखि प्रदेश र संघीय सरकारसम्मले दलितमैत्री बजेट, नीति तथा कार्यक्रम ल्याई प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका छन्।

दलित समुदायको राजनीतिक संरक्षण, प्रतिनिधित्वको सुनिश्चितता तथा छुट्टै दलित निर्वाचन क्षेत्रको व्यवस्था हुनुपर्ने मागसमेत कार्यक्रममा उठाइएको थियो। साथै, संघीय स्तरमा रहेको दलित आयोग खारेज हुनसक्ने चर्चा सार्वजनिक भएपछि सहभागीहरूले त्यसप्रति चिन्ता व्यक्त गर्दै आयोगलाई थप सशक्त बनाउनुपर्ने धारणा राखे।

कार्यक्रमलाई सम्बोधन गर्दै समितिका अध्यक्ष पासमानले दलित समुदायका समस्या र गुनासाहरू सुन्दा उनीहरूको जीवन विभेद, पीडा र वञ्चनाले भरिएको अनुभूति भएको बताए। उनले ती समस्याको समाधानका लागि समिति आफ्नो अधिकार क्षेत्रभित्र रहेर प्रतिबद्धतापूर्वक काम गर्ने विश्वास दिलाए।

उनले मधेश प्रदेश सरकारले दलित समुदायको अधिकार संरक्षण, क्षमता विकास तथा समग्र उत्थानका लागि दलित विकास समिति गठन गरेको उल्लेख गर्दै समितिले समुदायको अपेक्षाअनुसार परिणाममुखी ढंगले काम गर्ने प्रतिबद्धता व्यक्त गरे।

दलित अधिकार अभियन्ता शान्ति पासमानले लामो संघर्ष र दबाबपछि दलित विकास समिति गठन हुन सकेको स्मरण गराउँदै यसको संस्थागत सुदृढीकरण आवश्यक रहेको बताइन्। उनले समितिलाई प्रदान गरिएका अधिकारहरूको प्रभावकारी कार्यान्वयनका लागि दलित समुदाय स्वयं पनि संगठित र सचेत हुनुपर्ने धारणा राखिन्।

कार्यक्रममा इन्सेकका प्रदेश संयोजक राजु पासमानले संविधान तथा प्रचलित कानुनले सुनिश्चित गरेका दलित अधिकारबारे डिजिटल प्रस्तुतीकरण गर्दै मधेश प्रदेशमा अझै पनि छुवाछुत, जातीय विभेद र हिंसाका घटनाहरू कायम रहेको तथ्यांक प्रस्तुत गरे।

त्यसैगरी, राष्ट्रिय दलित पत्रकार संघका प्रदेश अध्यक्ष कैलास दासले दलित समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी तथा भूमिहीनताको अवस्थाबारे प्रस्तुतीकरण गर्दै जनसंख्याको उल्लेखनीय हिस्सा भए पनि राजनीतिक प्रतिनिधित्व, स्रोत-साधनको पहुँच र संवैधानिक अधिकारको कार्यान्वयनमा अझै असमानता कायम रहेको बताए।

गोष्ठीले दलित समुदायका मुद्दालाई नीति निर्माण, बजेट विनियोजन र कार्यान्वयन तहसम्म प्रभावकारी रूपमा पुऱ्याउन दलित विकास समितिको सक्रिय भूमिकाको आवश्यकता औंल्याएको सहभागीहरूको निष्कर्ष रहेको थियो।

# कार्यालय परिसरबाट सुजुकी जिक्सर मोटरसाइकल चोरी



दैनिक समाचारदाता
जनकपुरधाम, २६ जेठ । धनुषाको गणेशमान चारनाथ नगरपालिका(६ स्थित प्रोग्रेशिभ फाइनान्स लिमिटेडको कार्यालय परिसरबाट एक मोटरसाइकल चोरी भएको छ ।जनकपुरधाम उपमहा नगरपालिका-१६ निवासी चन्दनकुमार दासको नाममा रहेको ज १३ प १७७० नम्बरको सुजुकी जिक्सर मोटरसाइकल कार्यालय परिसरबाट चोरी भएको हो । पीडित दासका अनुसार उनी उक्त कार्यालयमा कार्यरत छन् । कामका क्रममा कार्यालय परिसरमा पार्किङ गरी राखिएको मोटरसाइकल चोरी भएको उनले बताए । चोरी सम्बन्धमा नजिक रहेको पोर्तहा इलाका प्रहरी कार्यालय कार्यालयमा निवेदन दिइसकेको भए पनि हालसम्म मोटरसाइकल फेला नपरेको उनको भनाइ छ ।
प्रहरीमा दर्ता गरिएको निवेदनअनुसार सुजुकी जिक्सर १५० सीसी मोडलको उक्त मोटरसाइकल जेठ २५ गते बिहान करिब २ बजेदेखि २:३० बजेको बीचमा चोरी भएको जनाइएको छ । मोटरसाइकलको रङ कालो र सुनौलो (ब्ल्याक एन्ड गोल्ड) रहेको उल्लेख गरिएको छ।
पीडितले मोटरसाइकलको खोजी गरी चोरीमा संलग्न व्यक्तिमाथि आवश्यक कानुनी कारबाही गर्न प्रहरीसँग माग गरेका छन्। प्रहरीले घटनाबारे अनुसन्धान सुरु गरेको जनाएको छ।

# मधेश प्रदेशसभा दुई सातादेखि ठप्प

दैनिक समाचारदाता
महोत्तरी,२६ जेठ । प्रतिपक्षी दलहरूको निरन्तर अवरोधका कारण आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरिएको मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रममाथिको छलफल दुई सातादेखि ठप्प भएको छ। प्रदेशसभा बैठक नियमित रूपमा सञ्चालन हुन नसक्दा नीति तथा कार्यक्रममाथिको संसदीय बहस अनिश्चित बनेको छ।

गत जेठ १५ गते प्रदेश प्रमुख डा. सुरेन्द्रलाभ कर्णले प्रदेशसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो। त्यसपछि जेठ १८ गतेदेखि छलफल प्रारम्भ भए पनि प्रारम्भिक दिनमै संशोधनकर्ता सांसदहरूले आ-आफ्ना धारणा राखेपछि प्रक्रिया अघि बढ्न सकेको थिएन।

तर जेठ १९ गतेको दोस्रो दिनको बैठकमा विपक्षी दलहरू जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले संयुक्त रूपमा बैठक अवरुद्ध गरेपछि छलफल स्थगित भएको हो। त्यसयता प्रदेशसभाको कार्यसूची नियमित रूपमा अघि बढ्न सकेको छैन।

प्रतिपक्षी दलहरूले प्रदेशसभालाई जानकारी नदिई दुई वटा आयोगमा सदस्य नियुक्त गरिएको आरोप सरकारमाथि लगाउँदै आएका छन्। उहाँहरूका अनुसार जनलोकपाल आयोग र प्रदेश लोकसेवा आयोगमा गरिएको नियुक्ति संवैधानिक तथा संसदीय प्रक्रिया विपरीत भएको हो।

प्रदेश सरकारले जेठ १२ गते महोत्तरीको औरही नगरपालिका-७ निवासी सञ्जीवकुमार झा र सोही नगरपालिकाकी सुजाता विमललाई जनलोकपाल आयोगको सदस्यमा नियुक्त गरेको थियो। त्यसैगरी धनुषाको सबैला नगरपालिका-३ निवासी विमला यादवलाई प्रदेश लोकसेवा आयोगको सदस्यमा नियुक्त गरिएको हो।

प्रतिपक्षी दलहरूको भनाइअनुसार आयोगका सदस्य नियुक्तिका लागि मुख्यमन्त्री, प्रदेशसभा सभामुख र प्रतिपक्षी दलका नेता सम्मिलित तीन सदस्यीय समिति रहने कानुनी व्यवस्था छ। तर सभामुखलाई जानकारी नै नदिई नियुक्ति प्रक्रिया अघि बढाइएको भन्दै उनीहरूले उक्त नियुक्ति तत्काल खारेज गर्न माग गर्दै आएका छन्।

नीति तथा कार्यक्रम पारित हुन नसक्दा आगामी असार १ गते प्रस्तुत गरिने बजेटसमेत प्रभावित हुने सम्भावना बढेको छ। प्रतिपक्षी दलका मागप्रति सरकार र सत्तारूढ पक्षले अपेक्षित चासो नदेखाएको आरोप लागिरहेका बेला नीति तथा कार्यक्रममाथिको छलफल लम्बिँदै गएको छ।

विवादको अर्को महत्त्वपूर्ण विषय प्रदेशसभा सदस्यका स्वकीय सचिवहरूको तलब भुक्तानी रोकिएको विषय पनि बनेको छ। करिब १० महिनादेखि तलब नपाएको भन्दै प्रदेशसभा सदस्यहरूले असन्तुष्टि जनाउँदै आएका छन्।


## मार्कशीट हराएको सूचना

मेरो निम्न व्यहोरा भएको कक्षा १२ (प्लस टू) को मार्कशीट मिति २०८३ जेठ २४ गते झोझी कटैयादेखि जनकपुरधाम जाने क्रममा हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।
नाम : कागज अधिकारी
ठेगाना : जि.ध.धनौजी गाउँपालिका वडा नं. ३ झोझी कटैया
सिम्बल नं. : ३१७०१२७९
रजि नं. : ७८२१७०४६००२३
सम्पर्क नं. : ९८०७६००१४३



## गर्मीबाट बचौं, स्वास्थ्य जोगाऔं !

अत्यधिक गर्मीमा सावधानी अपनाऔं

तातो मौसममा लापरवाहीले चक्कर आउने, बेहोस हुने, डिहाइड्रेसन, हीट एक्सहस्टन र हीट स्ट्रोकजस्ता समस्या हुन सक्छन्। विशेष गरी बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला र दीर्घरोगीहरू बढी जोखिममा हुन्छन्।

*प्रशस्त पानी पिउनुहोस्*
तिर्खा नलागे पनि पटक-पटक पानी, जुस, झोलिलो खाना वा ओआरएस सेवन गर्नुहोस्। अत्यधिक चिनी वा मदिरायुक्त पेयबाट टाढा रहनुहोस्।

*हल्का कपडा लगाउनुहोस्*
सूती तथा हल्का रङका कपडा, टोपी वा छाता प्रयोग गर्नुहोस्।

*घाममा कम निस्कनुहोस्*
विशेषगरी दिउँसो ११ बजेदेखि ४ बजेसम्मको कडा घामबाट जोगिनुहोस्। आवश्यक परे छायाँमा विश्राम लिनुहोस्।

*पौष्टिक र झोलिलो खाना खानुहोस्*
फलफूल, सागसब्जी, दही, जाउलो, सातुजस्ता हल्का तथा पोषिलो खाना उपयोगी हुन्छन्।

*घर र कार्यस्थल चिसो राख्नुहोस्*
झ्याल-ढोका खोलेर हावा चल्ने व्यवस्था गर्नुहोस्, पर्दा प्रयोग गर्नुहोस् र सम्भव भए पंखा वा कुलरको सुरक्षित प्रयोग गर्नुहोस्।


*यी लक्षण देखिए तुरुन्त सावधानी अपनाउनुहोस्*
अत्यधिक पसिना आउने, कमजोरी, चक्कर लाग्ने, टाउको दुख्ने, वाकवाकी लाग्ने, शरीर धेरै तातो हुने वा बेहोस हुने। यस्तो भए व्यक्तिलाई चिसो स्थानमा सार्नुहोस्, पानी पिलाउनुहोस् र आवश्यक परे स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस्।

*सावधानी अपनाऔं, गर्मीबाट सुरक्षित रहौं।*
स्वस्थ नागरिक, सुरक्षित समाज

**सबैला नगरपालिकाको कार्यालय**
धनुषा, मधेश प्रदेश



अब उत्कृष्ट भविष्यको रोजाई



## MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४